# रसुवागढी हाईड्रोपावर कम्पनी लिमिटेड
## निर्वाचन अधिकृतको कार्यालय,
## निर्वाचन कार्यक्रमको सूचना।

मिति : २०८१/०२/ २८
समय : ११:२० बजे।

यस रसुवागढी हाईड्रोपावर कम्पनी लिमिटेडको सञ्चालक समितिमा **सर्बसाधरण शेयरधनी**हरुको तर्फबाट प्रतिनिधित्व गर्ने **एक जना महिला सञ्चालक सहित ४ (चार)** जना सञ्चालक पदको निर्वाचनको प्रयोजनको लागि तपसिल बमोजिमको निर्वाचन कार्यक्रम निर्धारण गरिएकोले यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | कार्यक्रम | मिति | समय | | स्थान |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १ | मतदाता नामावली प्रकाशन गर्ने। | २०८१/०२/२८ | | १५:०० | कम्पनीको केन्द्रिय कार्यालय, काठमाडौं। |
| २ | मतदाता नामावलीमा दावी बिरोध गर्ने। | २०८१/०२/२९ | १०:०० | १३:०० | ऐ. ऐ. |
| ३ | मतदाता नामावलीमा छानबिन गरि अन्तिम मतदाता नामावली प्रकाशित गर्ने। | २०८१/०२/३० | | १३:०० | ऐ. ऐ. |
| ४ | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने। | २०८१/०३/०५ | ११:०० | १३:०० | ऐ. ऐ. |
| ५ | मनोनयन पत्र दर्ता भएका उम्मेदबारको सूचि प्रकाशित गर्ने। | २०८१/०३/०५ | | १५:०० | ऐ. ऐ. |
| ६ | उम्मेदबारको बिरोधमा उजुरी दिन सक्ने। | २०८१/०३/०६ | १०:०० | १२: ३० | ऐ. ऐ. |
| ७ | उम्मेदवारको मनोनयनपत्रको जाँच र उजुरी उपर निर्णय गरि नामाबली प्रकाशित गर्ने। | २०८१/०३/०७ | | १०:०० | ऐ. ऐ. |
| ८ | उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्ने। | २०८१/०३/०७ | ११:०० | १५:०० | ऐ. ऐ. |
| ९ | उम्मेदबारको अन्तिम नामाबली प्रकाशित गर्ने। | २०८१/०३/०७ | | १६:०० | ऐ. ऐ. |
| १० | मतदान गर्ने। | २०८१/०३/११ | १३:०० | १६:०० | साधारण सभा स्थल। |
| ११ | मतगणना गर्ने। | २०८१/०३/११ | मतदान समाप्त भएपछि | | साधारण सभा स्थल। |
| १२ | निर्बाचन परिणाम घोषणा गर्ने। | २०८१/०३/११ | मतगणना समाप्त भएपछि | | साधारण सभा स्थल। |

**नोट :**

१. मतदाता नामावली श्री सिद्धार्थ क्यापिटल लिमिटेडद्वारा विद्युतीय माध्यमबाट प्राप्त भए अनुसार प्रकाशित गरिनेछ। कसैलाई मतदाता नामावली चाहिएमा बिद्युतीय माध्यमबाट तोकिएको रकम लिई उपलब्ध गराउन सकिनेछ।

२. उम्मेदबारले आफ्नो उम्मेदवारी मनोनयन पत्र दर्ता गर्न आउँदा आफ्नो नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, शेयरधनी प्रमाण पत्र वा डिम्याट विवरणको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाण पत्र, कार्यानुभबको

प्रमाणपत्र वा सँगठित सँस्थाको तर्फबाट उम्मेदबारी दिने भएमा सँस्थाको दर्ता प्रमाणपत्र, पछिल्लो शेयर लगत, सँस्थाको निर्णयको प्रतिलिपी पेश गर्नु पर्नेछ।

३. उम्मेदवार हुन कम्पनीको नियमावली, निर्बाचन निर्देशिका, यस कम्पनीसँग सम्बन्धी ऐन, नियम, कम्पनी ऐन बमोजिम अयोग्य नरहेको हुनु पर्नेछ।

४. उम्मेदवारी मनोनयन दर्ता गर्न उम्मेदवार स्वयम् वा रीतपूर्बकको वारेस र प्रस्ताबक समर्थक समेत स्वयम् उपस्थित हुनु पर्नेछ। प्रस्ताबक समर्थकको नागरिकता प्रतिलिपी, शेयरधनी प्रमाण पत्र वा डिम्याट विवरणको प्रतिलिपी समेत साथै पेश गर्नु पर्नेछ। उम्मेदबार आफै जुन समूहको हो सोही समूहको प्रस्ताबक सर्मथक हुनु पर्नेछ।

५. प्रतिनिधि पत्र (प्रोक्सी) साधारण सभा हुनु ७२ घण्टा अगाबै निर्बाचन कार्यालयमा दर्ता गराउनु पर्नेछ। एक भन्दा बढि ब्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा सबै प्रतिनिधि (प्रोक्सी) बदर हुनेछ। तर प्रतिनिधि नियुक्त गरि सकेपछि उक्त प्रतिनिधि (प्रोक्सी) बदर गरि अर्को प्रतिनिधि नियुक्त गर्न चाहेमा सभा शुरु हुनु भन्दा ७२ घण्टा अगाबै शेयरधनी स्वयम आफै आई निवेदन दर्ता गरि उक्त निबेदनमा सनाखत समेत गरि दिएमा त्यस्तो प्रतिनिधि पत्रलाई मान्यता दिई अगाडीको प्रतिनिधि पत्र बदर हुनेछ।

६. कुनै शेयरधनीको एक भन्दा बढि शेयरधनी नं./बिओआई डि नं. खाता भएका हरेक खाताको अलग अलग प्रतिनिधी फारम भरी बुझाउनु पर्नेछ।

७. शेयरधनीको नाम थर, हस्ताक्षर नभएको वा नमिलेको, शेयरधनी नं. / बिओआईडी नं. नभएको वा नमिलेको, केरमेट गरेको वा टिपेक्स लगाएको प्रतिनिधि पत्र बदर हुनेछ।

८. जुन समूहको शेयरधनी हो सोही समूहको अर्को शेयरधनीले मात्र प्रोक्सी (प्रतिनिधि पत्र) दिए/लिएको हुनु पर्नेछ।

९. प्रोक्सी (प्रतिनिधि पत्र) बुझाउन ल्याउँदा अलग अलग समूहको अलग अलग फाईल बनाई क्र. सं., प्रोक्सी दिनेको नाम, थर, शेयरधनी/डिम्याट नं. शेयर कित्ता सँख्या समेत खुलाई पञ्जिका सहित ल्याउनु पर्नेछ।

१०. निर्वाचन कार्यक्रम तालिकामा तोकिएको दिन र समयमा सार्बजनिक बिदा परेमा पनि तोकिएको कार्य तोकिएको दिन र समयमा सम्पन्न हुनेछ।

११. मतदान हुने दिन २०८१/०३/११ गते जुनसुकै समयमा मतदान शुरु भए पनि शुरु भएको समय देखि ३ घण्टा मतदान गर्ने समय निर्धारण गरिएको छ।

१२. मतदाता शेयरधनीले आफ्नो शेयर भएको देखिने प्रमाणको अतिरिक्त आफ्नो परिचय खुल्ने फोटो सहितको परिचय पत्र लिई आउनु पर्नेछ।

१३. अन्य थप जानकारीको लागि कम्पनीबाट वार्षिक साधारण सभा सम्बन्धी प्रकाशित सूचना, रसुवागढी हाईड्रोपावर कम्पनी लि. को सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०८० तथा निर्वाचन अधिकृतले प्रकाशित गरेका सूचनाहरु हेर्न हुन सुचित गरिन्छ।

सन्जीब कुमार लामा
अधिबक्ता
निर्वाचन अधिकृत

रसुवागढी हाइड्रोपावर क. लि.
RASUWAGADHI HYDROPOWER CO. LTD.
2011 A.D.